नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७


पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७७।१२।१०

## प्रेस विज्ञप्ती

हाल कोभिड–१९ कोरोना भाईरसको प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशील भई नेपालमा समेत संक्रमितको दर बढ्दै गएको र मृत्युदरमा समेत वृद्धि भएको सन्दर्भमा खुला सीमा नाकाको कारण सीमा नाकाबाट मानिसहरुको आवतजावत बढी भएकोले तनहुँ जिल्लामा पनि संक्रमणको जोखिम कायमै रहेको छ । कोरोना संक्रमणालाई थप फैलिन नदिई सावधानी अपनाउन र सचेत रहनका लागि जिल्ला संकट व्यवस्थापन केन्द्र, तनहुँको निर्णय समेतका आधारमा देहाय अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

(क) निकट रहेको फागु पूर्णिमा (होली) को अवसरमा सामुहिक रुपमा भेला भई भिडभाड गरि नमनाउने।

(ख) Sanitizer, Mask र Social Distance (SMS) को संस्कृति विकास गर्ने।

(ग) रात्रीकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा जिल्लाको कोभिड–१९ संक्रमणको अवस्था समेत विचार गरी भीडभाड हुन नदिने र राती १०:०० बजे पछि सञ्चालन नहुने गरी सञ्चालन गर्ने व्यवस्था सबै व्यवसायीहरुले मिलाउने।

(घ) जात्रा, मेला महोत्सव, कन्सर्ट जस्ता भिडभाड हुने कार्यक्रम नगर्ने, नगराउने।

२०७७।१२।१०

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी